# खानेपानी, सरसफाइ तथा स्वच्छता योजना प्रतिवेदन

## जोगडा गाविस

रुपन्देही जिल्ला

**तयार गर्ने :**
**गाउँ विकास समितिको कार्यालय, जोगडा**
**तयार गरिएको मिति : २०७२/....../......**

## तालिका सूची

१.परिचय......६
१.१ पृष्ठभूमि......६
१.२ वाश अद्यावधिकको उद्देश्य :......७
१.३ विधि......८
१.४ सिमीतता......८
२. गाउं विकास समितिको संक्षिप्त जानकारी......१०
२.१ संक्षिप्त परिचय......१०
२.२ अवस्थिति, सिमाना तथा प्रशासनिक विभाजन......११
२.३ घरसंख्या तथा जनसंख्या :......११
२.४ वडागत तथा जातिय आधारमा तुलनात्मक घरसंख्या :......१२
२.५ शैक्षिक संस्थाहरु :......१३
२.६ गा.वि.स.मा उपलब्ध जनशक्तिको तुलनात्मक विवरण :......१३
२.७ गा.वि.स.मा विद्यमान सेवामूलक कार्यालयहरु :......१४
३. गाविसको खानेपानीको तुलनात्मक अवस्था......१४
३.१ सुधारिएको सेवा प्राप्त गरेका घरधुरी :......१४
३.२ सुधारिएको सेवा प्राप्त नगरेका घरधुरी :......१५
३.३ खानेपानी सुविधास्तरको विवरण :......१५
३.४ सुविधास्तर वर्गिकरण :......१५
३.५ गाउं विकास समिति भित्र रहेका खानेपानीका स्रोतहरु (मुहान, ट्युववेल, इनार आदि) को विवरण......१६
३.६ पाईप प्रणालीका लागि सम्भावित सतही स्रोतहरु (भएमा)......१६
३.७ लिफ्ट प्रणालीका लागि सम्भावित सतही स्रोतहरु (भएमा)......१६
४. स्वास्थ्य र सरसफाइको तुलनात्मक अवस्था......१७
४.१ शौचालयमा पहुँच :......१७
४.२ संस्थागत शौचालयको प्रयोगको अवस्था :......१७
४.३ घरबाट निस्कने फोहरमैला तथा वस्तुभाउको मलमुत्रको व्यवस्थापन :......१७
४.४ पूर्ण सरसफाइको अवस्था :......१८
४.५ खानेपानी र सरसफाइजन्य रोगहरु :......१८
४.६ वातावरणिय सरसफाइको अवस्था :......१८
४.७ जिल्ला विकास समिति र गाउं विकास समितिको प्रयास :......१९

५. गा.वि.सको वाश योजना कार्यान्वयन तथा अद्यावधिक कार्ययोजना........ १९
५.१ खानेपानी योजनाहरु........ १९
५.२ अनुमानित लागत :........२०
५.३ संभाव्य लगानीका स्रोतहरु :........२१
६ जलवायु परिवर्तन अनुकुलन तथा विपद् जोखिम न्यूनिकरण :........२१
६.१ विद्यमान अवस्था यस गाविसको रणनीति :........२१
६.२ तर्जुमा गरिएका क्रियाकलापहरु :........२१
७. निश्कर्ष तथा भावी कार्यदिशा........२३
७.१ निश्कर्ष........२३
७.२.भावी कार्यदिशा :........ २४

## प्रतिवेदनको साराँश

समय गतिशिल छ, यसको गतिशिलतासँगै नयाँ नयाँ आवश्यकताको जन्म हुन्छ । हिजो पुरा भएका आवश्यकताहरु आज अपुरो वा समय सापेक्ष नहुँदा पुनः नयाँ आवश्यकताको जन्म हुन्छ । त्यसै गरी विकासका काम गर्ने शैलीहरु पनि समय सापेक्ष परिवर्तन गर्दै विगतका सिकाईबाट अनुभव लिदै आयोजनामा आधारित परम्परागत मोडेललाई परिवर्तन गर्दै कार्यक्रममा आधारित क्षेत्रगत मोडेललाई अवलम्बन गर्नु आजको आवश्यकता हो । राज्यले पनि जनताका थप आवश्यकतालाई सम्बोधन गर्न नयाँ अवधारणाको आधारमा बिभिन्न परियोजना संचालन गर्नुपर्ने हुन्छ । परियोजना संचालन गर्दा योजनाबद्ध तरिका अबलम्बन गरी जनसहभागिताद्वारा निर्माण भएका त्यस्ता योजनामा समुदायको स्वामित्व बोध गर्ने हुदाँ दीगो हुने र दीगो योजनाले मात्र राष्ट्र विकासको सार्थकता हुने हुन्छ । यही कुरालाई मध्यनजर गर्दै सन् २०१७ सम्म नेपाल सरकारले सहस्राब्दी विकास लक्ष्य पुरा गर्न ग्रामीण समुदायलाई स्वच्छ पिउने पानी र सरसफाइमा पहुँच पुऱ्याई जीवन यापनमा सुधार ल्याउने बृहत्तर राष्ट्रिय उदेश्यलाई सघाउन पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाई परियोजना सन् २००८ देखि पश्चिमाञ्चलका ८ र मध्ये पश्चिमाञ्चलको १ गरी ९ जिल्लामा सहयोग पुऱ्याएको थियो । रुपन्देही जिल्लामा परियोजनाको पहिलो चरणमा ५ गाविसका लागि ४ वटा सेवा प्रदायक संस्थाहरुले गाविसको वाश योजना तर्जुमा गर्न जिल्ला विकास समितिसँग संझौता गरी रणनीति वाश योजना तयार गरेका थिए । पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाइ परियोजना दोस्रो चरण मिति २०७१ भाद्र देखि जिल्लामा कार्यक्रमलाई निरन्तरता दिन साथै सहयोगका लागि उपस्थित भएको छ । खानेपानी, सरसफाई तथा स्वच्छता कार्यक्रम (वाश) सहजीकरणका लागि जिल्ला विकास समितिले तहगत रुपमा सहयोगी व्यक्तिको व्यवस्थापन गरेको छ ।

गाविसको वाश योजना अद्यावधिक गर्नका लागि मुख्य जिम्मेवार फिल्ड संयोजक र सब इन्जिनियर भएको हुदाँ वाश कार्यक्रम संचालन सुरुको अवस्थामा (मिति २०६७/०६८) मा तयार भएको वाश योजनालाई अद्यावधिक गर्ने कार्य सम्पन्न भएको छ । जोगडा गाविसको वाश योजना अद्यावधिक तयार गर्नु पूर्व वाश योजना अद्यावधिकका सिलसिला रुपमा विभिन्न खुट्किलाहरु जस्तै सहजकर्ताहरुको तालिम, विद्यमान वाश योजनाको अध्ययन, गाविसस्तरीय वाश योजना अद्यावधिक कार्यशाला, वडास्तरको वाश अद्यावधिक कार्यशाला र तथ्यांक संकलन, सूचनाहरुको प्रारम्भिक विश्लेषण, गाविस स्तरीय वाश योजना तर्जुमा कार्यशाला सम्पन्न भएको छ । जसले गर्दा सरसफाइ तर्फको १ वटा योजना (सार्वजनिक शौचालय) वार्षिक योजनामा समावेश भएको छ भने बाँकी खानेपानी सरसफाइ, पूर्ण सरसफाइका योजनाहरु आवधिक योजनामा समावेश गर्ने लक्ष्य राखिएको छ । खानेपानीतर्फ ३० वटा योजना ( ओभरहेड टैंक १ वटा र हैण्डपम्प), सार्वजनिक शौचालय १६ वटा योजना, पूर्ण सरसफाइ ८ वटा योजना, पानीको गुणस्तर परीक्षण र क्षमता अभिबृद्धि जस्ता योजनाहरु वडा र गाविसस्तरबाट तर्जुमा भई पारित समेत भएका छन् ।

सहभागीमूलक योजना तर्जुमाको अभ्यास अनुसार वाश योजना अद्यावधिक गर्ने कार्य सम्पन्न भएको छ । विकासका सूचकहरुमा जिल्ला पछाडि परेका जोगडा गाविस सरसफाइको क्षेत्रमा सन्तोषजनक मान्न सकिन्छ । यस गाविसले सबै घरधुरीमा शौचालय निर्माण गरी नियमित प्रयोगले गर्दा यो गाविस खुला दिसा मुक्त गाविस भएको छ । वाश कार्यक्रम संचालनको सुरुको अवस्थामा यस गाविसको जम्मा घरधुरी मध्ये १७ वटा घरमा शौचालय व्यवस्था भएकोमा वर्तमान अवस्थामा सत् प्रतिशत घरमा शौचालय निर्माण र प्रयोग भएको छ ।

त्यस्तै गरी संस्थागत शौचालयको पनि व्यवस्थापन भएको छ त्यस्तै गरी वडा नं. ५ मा सुरक्षित खानेपानीका लागि ओभरहेड टैकको व्यवस्था भएको र बाँकी वटा वडाहरुमा हैण्ड पम्पहरु मार्फत सुरक्षित पिउने पानीको व्यवस्थापन गरिएको वडास्तरको वाश अद्यावधिकको क्रममा पाइएको छ । उपरोक्त योजनाहरु पहिलो वाश योजना तर्जुमा अनुसार कार्यान्वयन भएको छ भने बाँकी योजनाहरु अद्यावधिक गर्ने कार्य भएको छ ।

## कार्यकारी साराँश

| क्र.सं. | विवरण | संख्या |
|---|---|---|
| १ | **गाविसको क्षेत्रफल** | ११.१० वर्ग कि.मी |
| २ | घरधुरी संख्या | १०१४ |
| ३ | जम्मा जनसंख्या | **७५८४** |
| ४ | महिला संख्या | **३७२८** |
| ५ | पुरुष संख्या | **३८५६** |
| ६ | दलित घरधुरी | **२५०** |
| ७ | आदिवासी/जनजाति | **५३** |
| ८ | धर्मिक अल्पसंख्यक | २६४ |
| ९ | तराइ पिछडा वर्ष | **३९५** |
| १० | अन्य | **५२** |
| ११ | शौचालय संख्या | १०१४ |
| १२ | जम्मा विद्यालय संख्या | ६ |
| | सरकारी माध्यमिक विद्यालय | १ |
| | सरकारी निम्न माध्यमिक विद्यालय | १ |
| | सरकारी प्राथमिक विद्यालय | १ |
| | मुस्लिम विद्यालय(मदरसा) | ३ |
| १३ | शौचालय भएका विद्यालय | ६ |
| १४ | सरकारी कार्यालय | ३ |
| १५ | खानेपानीको मुख्य स्रोत | हैण्डपम्प, ओभरहेड टैंक |
| १६ | खानेपानी, सरसफाइ स्वच्छता समिति | १ |

***स्रोत : घरधुरी सर्वेक्षण २०७१, गाविस पार्श्वचित्र र वाश योजना २०६८ ।***

**खण्ड (क)**

# १.परिचय

## १.१ पृष्ठभूमि

नेपाल सरकारले सन् २०१७ सम्ममा नेपालका सत प्रतिशत जनतालाई खानेपानी र सरसफाइ सुविधा पु¥याउने लक्ष्य हासिल गर्नका लागि स्थानीय निकायहरुको क्षमता अभिबृद्धि गर्ने उदेश्यले नेपाल सरकार र फिनल्याण्ड सरकारका बीच समझौता भई पश्चिम नेपालका १४ वटा जिल्लाहरुमा पश्चिम नेपाल ग्रामिण खानेपानी तथा सरसफाई परियोजना मार्फत खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यक्रम संचालनका लागि पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाइ परियोजना सन् २००८ देखि २०१३ अवधिको पहिलो चरण सफलतापूर्वक सम्पन्न गरी सन् २०१३ देखि २०१८ सम्मको अवधिको लागि दोस्रो चरण आरम्भ भएको छ ।
परियोजनाको दोस्रो चरणमा पहिलो चरणको  सफल अनुभव र सिकाईलाई निरन्तता दिदै वास्तविक रुपमा सेवा बिहिन समुदाय, जसले हाल सम्म खानेपानी कार्यक्रमको लागि कुनै बाह्य सहयोग प्राप्त गरेका छैनन् त्यस्ता क्षेत्रमा मात्र परियोजनाको सहयोग बिस्तार गर्न सेवा बिहिन गाविसहरु छनौट गरी सोही बमोजिमको योजना तर्जुमा गरी सहयोग गर्ने भएता पनि परियोजनाको पहिलो चरण लागू भएका गाविसहरुमा खानेपानी, सरसफाइ तथा स्वच्छताको बस्तुस्थिति अद्यावधिक गर्न बाञ्छनिय भएकोले जोगडा गाविसको वाश योजना अद्यावधिक गर्ने कार्य भएको छ ।

जिल्ला विकास समिति रुपन्देही अर्न्तगत पश्चिम नेपाल ग्रामीण खानेपानी सरफाइ परियोजना लागू भएको पहिलो चरणको ५ वटा गाविस मध्ये जोगडा गाविस पनि एक हो । यस परियोजना अर्न्तगत पहिलो चरणमा गाविसको वाश योजना तयार गरी वार्षिक योजनामा परेका खानेपानी र सरसफाइका योजनाहरु सम्पन्न भई सकेका छन् । समुदायले सहभागीतात्मक रुपमा तर्जुमा गरेको योजनाले मात्र समुदायको वास्तविक आवश्यकताको पहिचान गर्न सक्दछ र वाशको क्षेत्रमा गरिने लगानी उपलब्धीमुलक ठहरिने छ । यसै सन्दर्भमा खानेपानी, सरसफाई र स्वच्छताको वर्तमान अवस्थाको विश्लेषण गरी थप योजना तयार गरी आवश्यकता र प्राथमिकताका आधारमा गाविस परिषद्बाट पारित गर्ने र क्रमैसँग कार्यान्वयन गर्दै जानु पर्ने हुन्छ । सन् २०१७ सम्मको राष्ट्रिय लक्ष्य पुरा गर्न खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रमा पूर्ण आनीबानी परिवर्तन गर्नको लागि गाविस स्तरमा खानेपानी, सरसफाइ र स्वच्छता कायम हुने क्रियाकलापहरु कार्यान्वयनमा ल्याइने छ । पानीलाई मुहान देखि मुख सम्म जति पनि दुषित हुने संभावना भएका जोखिमयुक्त स्थानहरुबाट सुरक्षित पार्दै प्रयोग गर्न प्रोत्साहित गर्नु पर्ने हुन्छ । यस्तै गरी सरसफाइ र स्वच्छताका लागि नियमित शौचालयको प्रयोग, जोखिमपूर्ण अवस्थामा साबुन पानीले हात धुने बानीको बिकास, व्यक्तिगत सरसफाइका क्रियाकलापहरु, फोहोर मैलाको उचित व्यवस्थापन, पोषण जस्ता क्रियाकलापले समुदायको भौतिक वातावरण जसले मानव स्वास्थ्यलाई नकारात्मक असरबाट जोगाउन अभिप्रेरित गर्दछ ।

यसै सन्दर्भमा यस जोगडा गाविसमा जम्मा १०१४ घरधुरी रहेको २०७१ पौष महिनामा लिएको वार्ड स्तरीय सर्वेक्षणबाट थाहा हुन्छ । जसमा जम्मा जनसंख्या ७५८४ रहेको छ, जसमध्ये महिला ३७२८ रहेका छन् भने पुरुष ३८५६ रहेका छन् । यहाँ अधिकाँस घरधुरीले सरकारी ट्युववेलबाट पानी पिउने गरेका छन् । सुरक्षित पानी व्यस्थापनका लागि पहिलो चरणको वाश योजनाबाट २८ वटा हेण्डपम्पहरु वडा नं.१, २, ३, ४, ६, ७, ८

र ९ मा वितरण गरिएको वाश प्रतिवेदन र फिल्ड अनुगमनका क्रममा प्राप्त भएको छ । त्यस्तैगरी वडा नं. ५ धुपहीमा मिनी ओभरहेड टैंक संचालनमा रहेको छ । वडा नं. ९ मा रहेका मानपुर र धनहवा टोलमा भने ट्युववेलबाट पानी नआउने हुनाले पानीको प्रयाप्तता नभएको समुदायको गुनासो रहेको छ । यी दुई टोलमा पिउने पानीको समस्या देखिएकोले त्यहाँका समुदायले खानेपानीको सुविधा उपलब्धताका लागि योजनामा समाबेश गरेका छन् । यस गाविसको सबै घरधुरीमा शौचालय निर्माण गरी प्रयोग गरेका छन् । जसले गर्दा यो गाविस औपचारिक रुपमा खुल्ला दिसा मुक्त क्षेत्र घोषणा भएको छ । गाविसमा रहेका सबै संघसंस्थाहरुमा शौचालय भएको र त्यसको संचालन पनि भएको छ । वडा नं. १ बिचवापुरमा रहेको जनज्योती नि.मा.वि. ७०० जना विद्यार्थी अध्ययन गर्ने विद्यालयमा पिउने र सरसफाइका लागि पानीको समस्या भएको समस्या भएको पाइयो । जसका लागि वडा नं.१ बिचवापरका समुदायले विद्यालयमा पानीको व्यवस्था गरिदिनका लागि अनुरोध गरेका छन् । त्यस्तै गरी वडा नं. ४ जोगडा बजारमा बिस्तार हुदै गएको हुदाँ उक्त स्थानमा ओभरहेड टैंक योजनाका साथ साथै जोगडा बजार सार्वजनिक शौचालयको आवश्यकता महसुश भई योजनामा समावेश भएको छ ।

यी सबै प्रस्तावित योजना कार्यान्वयन गर्न पहिलो वर्षका वार्षिक योजना तथा रणनैतिक योजनाका लागि जोगडा गाविसको गाँउ परिषद्बाट अनुमोदन गरिएको छ । साथै मुख्य श्रोतको लागि जिल्ला विकास समिति लाई अनुरोध गर्ने र बाह्य संघ संस्थासँग समन्वय गरी कार्यान्वयन गर्ने गाविसको प्रतिवद्धता रहेको छ ।

## १.२ वाश अद्यावधिकको उद्देश्य :

गाविस स्तरीय वाश योजना अद्यावधिक कार्यको समग्र उद्देश्य गाउं विकास समितिलाई स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को दफा (६५) ले प्रत्येक स्थानीय निकायलाई आफ्नो सिमाक्षेत्रभित्र सञ्चालन हुने विकास निर्माण कार्य जनमुखी, सहभागितात्मक, प्रभावकारी, सुव्यस्थित र दीगो प्रतिफल दिने गरी सञ्चालन गर्न आवधिक गाउं विकास योजना तयार गरी सोही योजना अर्न्तगतका आयोजनाहरुलाई प्राथमिकताको आधारमा सञ्चालन गर्नका लागि निम्न बमोजिमका उदेश्यहरु राखिएको छ ।

- गाउं विकास समितिको खानेपानी, सरसफाई तथा स्वच्छताको वर्तमान अवस्थाको विश्लेषण गरी सवैका लागि खानेपानी र सरसफाइ सुविधा उपलव्ध गराउन अव आवश्यक पर्ने स्रोतको पहिचान गर्नु,
- गाविस क्षेत्रभित्र सेवाविहीन, सेवा प्राप्त र सुविधा स्तरोन्नती गर्नुपर्ने समुदायको पहिचान गरी प्राथमीकीकरण गर्ने र सोहि बमोजिम स्रोतको विनियोजन गर्ने,
- गाविसको पूर्ण सरसफाइको रणनैतिक योजना तर्जुमा गर्ने र सोहि वमोजिम कार्यक्रमहरु तय गर्ने,
- जलवायु परिवर्तन वाट वाश क्षेत्रमा पर्न गएका तथा भविष्यमा पर्न सक्ने असरहरुको वारेमा अध्ययन गरी विपद् जोखिम न्यूनिकरण र जलवायु परिवर्तन अनुकुलनका क्रियाकलापहरु पहिचान गर्नु,
- पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाइ परियोजनाको दोस्रो चरणको अवधारणा वमोजिम उक्त गाविसमा परियोजनाको सहयोगको स्तर निर्धारण गरी सोहि वमोजिम कार्ययोजना तयार गर्ने कार्यमा सहयोग गर्नु रहेको छ ।

## १.३ विधि

गाविस स्तरीय वाश योजना अद्यावधिक कार्यमा तपशिल बमोजिमको प्रक्रिया तथा विधि अपनाईएको थियो ।

- वाश योजना अद्यावधिकका लागि संलग्न मानवश्रोतका लागि अभिमुखीकरण(चरणबद्ध तालिम)
- स्थान र समय निर्धारण
- विद्यमान वाश योजनाको अध्ययन
- गाविस स्तरीय वाश योजना अद्यावधिक पूर्वको कार्यशाला
- वडास्तरीय तथ्यांक संकलन तथा अद्यावधिक कार्यशाला
- सामुदायिक नक्सांकन र स्थलगत अध्ययन
- सूचनाहरुको प्रारम्भिक अध्ययन तथा विश्लेषण
- गाविसस्तरीय योजना तर्जुमा कार्यशाला
- मस्यौदा वाश योजना प्रतिवेदन तयार
- मस्यौदा गाँउ परिषद्मा पेश/छलफल आवश्यक परिमार्जन पछि स्वीकृती

## १.४ सिमीतता

यस वाश योजना अद्यावधिकका क्रममा गाविसका प्रत्येक वडा स्तरबाट जति पनि योजनाहरु तर्जुमा भै अनुमोदित भएका छन् ति सबै वाश योजनाहरु सबै कार्यान्वयन हुन्छन् भन्न सकिदैन । कतिपय योजनाहरु सहज तरिकाले कार्यान्वयनमा ल्याउने सकिने हुन्छ, भने कतिपय योजनाहरु आर्थिक स्रोत, मानविय स्रोत, प्राविधिक ज्ञान उपलब्ध नहुने कारणले कार्यान्वयन गर्न सम्भव नहुन सक्छ । समुदाय तहबाट तर्जुमा गरिएका योजनाहरु कार्यान्वयन तहसम्म पुर्‍याउनका लागि गाविसको सिमित स्रोत, राजनीति संभाव्य खिचातनी, योजनाप्रति अपनत्व बोधको अभाव, समुदायको प्राथमिकतामा नपर्नु, सरकारले तोकेको रकम समुदायले संकलन गर्न नसक्ने अवस्था र श्रम लगानीको लागि समुदाय तयार नहुनु पनि यस वाश योजनाका सिमीतता हुन । संभावित सिमितताहरुलाई मध्येनजर राख्दै खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी बानी व्यवहार परिवर्तनमा सकारात्मक रुपमा सफलता हासिल गर्नका लागि गाविस, सरोकारवाला, संघ-संस्थाहरु, सबैसँग सम्बन्ध, समन्वय र सहकार्य गर्दै स्थानीय स्रोत साधन पहिचान र परिचालन गर्न सकेमा वाशको क्षेत्रमा दीगो विकासमा सहयोग पुग्ने छ र सीमितताहरुलाई न्यून गर्न सकिने हुन्छ ।

**खण्ड (ख)**

# २. गाउं विकास समितिको संक्षिप्त जानकारी

## २.१ संक्षिप्त परिचय

रुपन्देही जिल्लाको सदरमुकाम भैरहवाबाट ३२ कि.मी.को दुरीमा रहेको जोगडा गाविस ५० वटा गाविस मध्ये एक हो । जिल्लाको पश्चिम सिमानामा कपिलबस्तुसँग जिल्लासँग जोडिएको गाविस हो । यस गाविसको पूर्वमा विष्णुपुरा र साविक गाविस एकला, उत्तरमा साँडी गाविस र दक्षिणमा साविकको गाविस मसिना रहेको छ । यस गाविस ११.१० वर्ग कि.मी. क्षेत्रफल रहेको छ । यो गाविसमा ठूलो क्षेत्रफल खेतीयोग्य भूमि रहेको छ र बाँकी क्षेत्रफल आवास, चरन, पोखरी, नदीनाला, बाटोघाटोले ओगटको छ । १०१४ घरधुरी रहेको यस गाविसमा जम्मा जनसंख्या ७५८४ रहेको छ जसमध्ये महिला ३७२८ रहेका छन् भने पुरुष ३८५६ रहेका छन् । जातियताका हिसाबले हेर्दा यस गाविसमा कुल जनसंख्याको ३५.१६ प्रतिशत पिछडिएका तराई जाति, धार्मिक अल्पसंख्यक २९.८३ प्रतिशत, दलित २३.१८ प्रतिशत आदिवासी तथा जनजाति ५.४९ प्रतिशत, र अन्य ५.२५ प्रतिशत रहेको छ । यस गाविसमा २९.८३ प्रतिशत मुस्लिम धर्मालम्बी छन्, भने बाँकीले हिन्दु धर्म मान्ने गरेको पाइन्छ । यस गाविसमा तराई जाति, मुस्लिम जातिहरुको बाहुल्यता रहेको हुनाले अधिकांस भोजपुरी भाषाको प्रयोग भएको पाइन्छ । मुस्लिमहरुको आफ्नै खालको रहनसहन, पहिरन र संस्कृति पाइन्छ भने पिछडिएको तराई जातिहरुको पनि आफ्नै संस्कृति रहेको छ । केही मात्रामा आदिबासी तथा जनजातिको संस्कृतिको प्रभाव छ । जुन जाति र धर्म भएता पनि सबैको बीचमा आपसी मेलमिलाप, सम्बन्ध र सद्भाव देख्न पाइन्छ ।

जोगडा गाविस शैक्षिक हिसाबले पिछडिएको गाविस हो । यस गाविसमा जम्मा एउटा माध्यमिक विद्यालय छ भने १ वटा नि.मा.वि. र १ वटा प्रा.वि. विद्यालय रहेका छन् । मुस्लिम बच्चाहरुलाई प्राथमिक तह सम्मको शिक्षा दिनका लागि ३ वटा मदरसा रहेका छन् । यो गाविस आर्थिक रुपमा पनि पिछडिएको गाविस हो । यहाँको मुख्य आम्दानीको श्रोत भनेको कृषि र पशुपालन हो भने केही मात्रामा बैदेशिक रोजगार, व्यापार, व्यवसाय तर्फ पनि लागेको पाइन्छ ।

यस गाविसमा लैंगिकता तथा सामाजिक समावेशीकरणको स्थिति हेर्दा विगतका दिनहरुमा अति नै पछाडि परेको पाइन्छ । समुदायस्तरमा महिलाको उपस्थिति तथा समितिहरुमा नेतृत्व गर्ने न्यून भएको पाइएको थियो भने वाश परियोजनाबाट लैंगिकता र सामाजिक समावेशीकरण तालिम संचालन, नियमित बैठक, महिलालाई प्राथमिकता पंक्तीमा राख्नाले हालका दिनहरुमा सामाजिक कार्यहरुमा महिलाहरु एकजुट हुन थालेका, मासिक बैठकहरु गर्न थालेको त्यस्तै गरी खानेपानी र सरसफाइको क्षेत्रमा महिलाहरुले अग्रसरता देखाउन थालेका छन् ।

## २.२ अवस्थिति, सिमाना तथा प्रशासनिक विभाजन

**अवस्थिति :**
८३°१२'१६" देखि ८३°३८'०७ पर्व (देशान्तर) र २७° २०'००" देखि २७°४६'२५" उत्तर (आक्षांश)

**सिमाना :**
यस गाविसको पश्चिममा कपिलबस्तुको सिमाना, पूर्वमा विष्णुपुरा र एकला गाविस उत्तरमा साँडी गाविस र दक्षिणमा मसिना गाविसले सिमानालाई छट्याउँछ। यस गाविसको क्षेत्रफल ११.१० वर्ग कि.मी. रहेको छ।

**प्रशासनिक विभाजन :**
- विकास क्षेत्र : पश्मिाञ्चल
- अञ्चल : लुम्बिनी
- जिल्ला : रुपन्देही
- निर्वाचन क्षेत्र नं. ७
- गा.वि.स. : जोगडा

## २.३ घरसंख्या तथा जनसंख्या :

मिति २०७१ पौष महिनामा लिइएको घरधुरी सर्वेक्षण अनुसार यस गाविसको कूल घरधुरी संख्या १०१४ रहेको छ भने गाविसको जम्मा जनसंख्या ७५८४ रहेको छ, जसमध्ये महिला ३७२८ र पुरुष ३८५६ रहेका छन्।

**तालिका नं. १ गाविसका वडागत घरसंख्या र जनसंख्या**

| वडा नं. | जम्मा घर संख्या | महिला | पुरुष | जम्मा जनसंख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | ६५ | २०४ | १९५ | ३९९ | |
| २ | १९२ | ८०९ | ८७१ | १६८० | |
| ३ | ४० | १८५ | १९८ | ३८३ | |
| ४ | १६७ | ५७१ | ५९४ | ११६५ | |
| ५ | ११७ | ५२० | ५२० | १०४० | |
| ६ | १०० | ३२४ | ३५८ | ६८२ | |
| ७ | ५८ | १९३ | १४९ | ३४२ | |
| ८ | १३५ | ४२६ | ४३६ | ८६२ | |
| ९ | १४० | ४९६ | ५३५ | १०३१ | |
| जम्मा | **१०१४** | **३७२८** | **३८५६** | **७५८४** | |

## २.४ वडागत तथा जातिय आधारमा तुलनात्मक घरसंख्या :

यस जोगडा गाविसमा गाविस स्तरीय वाश योजना अद्यावधिकका क्रममा वडागत तथा जातिय आधारमा तुलनात्मक घरसंख्या लिइएको थियो । जसमा विद्यमान वाश योजनामा भएका जातियताको आधारमा रहेका घरसंख्या र हालको अवस्थामा रहेका जातियगत घरसंख्याको तुलनात्मक अध्ययन गर्दा दलित २५०, आदिवासी जनजाति ५३, धार्मिक अल्प संख्यक २६४, तराई पिछडा वर्ग ४१७ र अन्य ५२ घरसंख्या रहेका छन् । जसलाई निम्न तालिकाबाट देखाउन सकिन्छ ।

**तालिका नं. २ जातिय आधारमा तुलनात्मक घरसंख्या**

| वडा नं. | टोलको नाम | विद्यमान वाश योजना वमोजिमको घरसंख्या | | | | | | हालको घरसंख्या | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दलित | आदिवासी जनजाती | धार्मिक अल्पसंख्यक | अन्य तराई पिछडा | अन्य | जम्मा | दलित | आदिवासी जनजाती | धार्मिक अल्पसंख्यक | अन्य तराई पिछडा | अन्य | जम्मा |
| १ | बिचवापुर | २९ | १ | ६ | १८ | १ | ५५ | ३१ | १ | ६ | २५ | १ | ६५ |
| २ | सडहवा र धनइदिह | ४८ | ८ | ६९ | ४९ | ३ | १७७ | ४८ | ८ | ७० | ५७ | ३ | १९२ |
| ३ | सीतापुर | ५ | २ | १३ | ११ | ० | ३१ | ५ | २ | २० | १३ | ० | ४० |
| ४ | जोगडा, जोगदिह र मुर्गीटोल | ६३ | ४ | ४७ | ४३ | ३ | १६० | ६८ | ४ | ४९ | ४३ | ३ | १६७ |
| ५ | धुपही | १० | ० | ५० | ४५ | ० | १०५ | १० | ० | ५१ | ४८ | ० | ११७ |
| ६ | खडैचहवा | ११ | ० | २४ | ३० | २६ | ९१ | ११ | ० | २९ | ३७ | ३६ | १०० |
| ७ | ननौली | १७ | २२ | ० | ९ | १ | ४९ | १८ | ३० | ० | ९ | १ | ५८ |
| ८ | ननौली | २९ | ७ | २९ | ४६ | १८ | १२९ | २९ | ७ | ३१ | ५० | १८ | १३५ |
| ९ | पडौरा,धनहवा र मानपुर | १९ | ० | ४ | ९० | ० | ११३ | ३० | ० | ८ | ११३ | ० | १४० |
| | **जम्मा** | **२३१** | **४४** | **२४२** | **३४१** | **५२** | **९१०** | **२५०** | **५३** | **२६४** | **३९५** | **५२** | **१०१४** |

## २.५ शैक्षिक संस्थाहरु :

जोगडा गाविस शैक्षिक र सामाजिक हिसाबले पिछडिएको गाविस हो । यस गाविसमा जम्मा १ वटा माध्यमिक स्तरको विद्यालय रहेको छ भने १/१ निम्न माध्यमिक र प्राथमिक स्तरका विद्यालय रहेका छन् । मस्लिम समुदायका बालबालिकाहरुका लागि विभिन्न वार्डमा गरी ३ वटा मदरसा रहेका छन् । जोगडा सामुदायिक अध्ययन केन्द्रको प्रतिवेदन अनुसार कूल साक्षरता ८० प्रतिशत रहेको छ । यस गाविसमा रहेका शैक्षिक संस्थाहरु निम्न बमोजिम रहेका छन् ।

**तालिका नं. ३ गाविसमा रहेका शैक्षिक संस्था र रहेको स्थान**

| क्र. सं | शैक्षिक संस्थाहरुको नाम | स्थान | कैफियत |
|---|---|---|---|
| १ | जोगडा मा.वि. जोगडा | वडा नं. ४ जोगडा | |
| २ | जनज्योती नि.मा.वि. | वडा नं.१ बिचवापुर | |
| ३ | नवजागृति प्रा.वि. | वडा नं.६ खडैचवा | |
| ४ | मदरसा इक्राअल इस्लामिया | वडा नं. २ सडहवा | |
| ५ | मदरसा जामिया इस्लामिया अनवारुल | वडा नं. ४ जोगडा | |
| ६ | मदरसा मिस्वाहुल उलम अस्लल्फीम | वडा नं. ५ धुपही | |

## २.६ गा.वि.स.मा उपलब्ध जनशक्तिको तुलनात्मक विवरण :

यस गाविसमा वाश क्षेत्रका दक्ष जनशक्तिको उपलब्धता न्यून मात्रामा रहेको संकलित तथ्यांकबाट ज्ञात हुन्छ । यस गाविसमा विशेष गरी कृषि पेशा प्रमुख रुपमा भएकोले अधिकांश बासिन्दाहरु कृषि क्रियाकलापमा लागेका छन् । यस कार्यक्रमका लागि चाहिने दक्ष जनशक्ति नभएता पनि सामान्य मिस्त्रीको कार्य गर्दै आइरहेका वडा नं. ५ धुपहीमा १ जना मात्र खानेपानी मिस्त्रीको काम गर्दै आएको पाइयो भने वडा नं ४ मा १ जना शौचालय निर्माण मिस्त्री पाइएको छ । तर यिनीहरु तालिम प्राप्त भने होइनन् । गांउघरमा बिना तालिम काम गरी प्राविधिक कार्यको अनुभब बटुलेका यि मिस्त्रीहरुलाई सैद्धान्तिक रुपमा ज्ञान, सीपको खांचो देखिन्छ । यस परियोजनाबाट प्लम्बिगं तालिम संचालन गर्न सकेमा भविष्यमा खानेपानीको क्षेत्रमा प्राविधिक समस्या नआउने र केही मात्रामा भए पनि रोजगारी सृजना हुने अपेक्षा गरिएको छ ।

**तालिका नं ४ गाविसमा उपलब्ध जनशक्तिको तुलनात्मक विवरण**

| क. स. | विवरण | गाविसभित्र उपलब्ध (छ । छैन) | सख्या | कैफियत |
|---|---|---|---|---|
| १ | खानेपानी मिस्त्री | छ | १ | |
| २ | मर्मत संभार कार्यकर्ता | छैन | - | |
| ३ | सुधारिएको चुल्हो निर्माण गर्ने मिस्त्री | छैन | - | |
| ४ | महिला स्वास्थ्य स्वयं सेविका | छ | १३ | |
| ५ | चर्पी बनाउने मिस्त्री | छ | १ | |
| ६ | सरसफाइ सम्वन्धी स्रोत व्यक्ति | छैन | - | |
| ७ | रिङ निर्माण गर्ने मिस्त्री | छ | २ | |

## २.७ गा.वि.स.मा विद्यमान सेवामूलक कार्यालयहरु :

जोगडा गाविसमा वाश योजना अद्यावधिकको समयावधि सम्म ३ वटा सेवामुलक कार्यालयहरु रहेका छन् । उक्त कार्यालयहरु रहेको स्थान र कार्यालय भवन पनि एउटै रहेको छ । जसलाई निम्नानुसारको तालिकाबाट देखाउन सकिन्छ

**तालिका नं. ५ गाविसमा रहेका सेवामुलक कार्यालयहरु**

| क्र. सं. | कार्यालयको नाम | स्थान |
|---|---|---|
| १ | जोगडा गाउँ विकास समितिको कार्यालय | जोगडा - ४, जोगडा बजार |
| २ | जोगडा उप स्वास्थ्य चौकी | जोगडा - ४, जोगडा बजार |
| ३ | अतिरिक्त हुलाक कार्यालय | जोगडा - ४, जोगडा बजार |

# ३. गाविसको खानेपानीको तुलनात्मक अवस्था

## खानेपानीको अवस्था

## ३.१ सुधारिएको सेवा प्राप्त गरेका घरधुरी :

यस जोगडा गाविसमा वाश अद्यावधिकका क्रममा समुदायसँग बैठक बसी छलफल गर्दा गरी सूचना लिंदा त्यँहा पिउने पानीको स्रोत गुणस्तर, परिमाण,समय,र विश्वसनियता लाई आधार मानी विश्लेषण गर्दा जम्मा गाविसमा १०१४ घरधुरी मध्ये ८७६ घरधुरीले सुधारिएको खानेपानी सेवा प्राप्त गरेका छन् ।

## ३.२ सुधारिएको सेवा प्राप्त नगरेका घरधुरी :

यस जोगडा गाविसमा वाश अद्यावधिकका क्रममा समुदायसँग बैठक बसी छलफल गर्दा गरी सूचना लिंदा त्यँहा पिउने पानीको स्रोत गुणस्तर, परिमाण,समय,र विश्वसनियता लाई आधार मानी विश्लेषण गर्दा जम्मा गाविसमा १०१४ घरधुरी मध्ये सुधारिएको खानेपानी सेवा प्राप्त नगरेका १३८ रहेका छन् ।

## ३.३ खानेपानी सुविधास्तरको विवरण :

यस गाविसमा वाश अद्यावधिकका क्रममा समुदायको सहभागीतामा लिइएको सूचनाहरुको आधारमा सूचनाहरुलाई विश्लेषण गर्दा खानेपानीको सुविधास्तर तपशिल बमोजिम आएको छ जसलाई तालिकाबाट प्रष्ट पारिएको छ ।

**तालिका नं. ६ खानेपानी सुविधास्तरको विवरण**

| वडा नं. | गुण | परिमाण | समय | विश्वसनियता | कैफियत |
|---|---|---|---|---|---|
| सुविधा स्तर १ | ८९८ | ९१५ | ९८९ | ९१५ | |
| सुविधा स्तर २ | ११६ | ६० | २५ | ० | |
| सुविधा स्तर ३ | ० | २१ | ० | ६५ | |
| सुविधा स्तर ४ | ० | १८ | ० | ३४ | |
| जम्मा | **१०१४** | **१०१४** | **१०१४** | **१०१४** | |

## ३.४ सुविधास्तर वर्गिकरण :

यस गाविसमा खानेपानीको मुख्य श्रोत ट्यववेल रहेको जसलाई गुण, समय, परिमाण र विश्वसनियतालाई आधार मानी सुविधा स्तर वर्गिकरण गर्दा तपशिल अनुसारको तालिका अनुसार आएको छ ।

**तालिका नं.७ सुविधास्तर वर्गिकरण**

| वडा नं. | घरधुरी संख्या | घरसंख्या | | | |
|---|---|---|---|---|---|
| | | सुविधा स्तर १ | सुविधा स्तर २ | सुविधा स्तर ३ | सुविधा स्तर ४ |
| १ | ६५ | ४० | १७ | ७ | १ |
| २ | १९२ | १९२ | ० | ० | ० |
| ३ | ४० | ३८ | २ | ० | ० |
| ४ | १६७ | १४४ | १३ | ७ | ३ |
| ५ | ११७ | ११७ | ० | ० | ० |
| ६ | १०० | १०० | ० | ० | ० |
| ७ | ५८ | ५८ | ० | ० | ० |
| ८ | १३५ | १११ | ० | १ | २३ |
| ९ | १४० | ७६ | ० | ६४ | ० |
| **जम्मा** | **१०१४** | **८७६** | **३२** | **७९** | **२७** |

## ३.५ गाउं विकास समिति भित्र रहेका खानेपानीका स्रोतहरु (मुहान, ट्युववेल, इनार आदि) को विवरण

यस गाविस विकास समिति भित्र रहेका खानेपानीका स्रोतहरु मध्ये मुख्य गरी ट्युववेल रहेको छ भने १ वटा वार्डमा मात्र ओभरहेड खानेपानी व्यवस्था रहेको छ । सुरक्षित खानेपानी व्यवस्थापनमा कमै मात्र सचेतता रहेको छ । खानेपानी स्रोतको वरीपरि पूर्ण सरसफाई नहुनु, पानीको सतह गहिराइमा भएता पनि सबै धारामा प्लेटफर्मको व्यवस्था नहुनु, नियमित पानीको गुणस्तर परिक्षण प्रति चासो नदेखाउनु र समुदायको आनीबानीको कारणले गर्दा सुरक्षितको पहुँचता पाइरहेको भन्न सक्ने अवस्था छैन ।

**तालिका नं.८ गाविस भित्र रहेका खानेपानी स्रोतहरु**

| वडा नं. | ट्यूववेल | कुवा | धारा | संरक्षित स्रोत | खोल्सा/नदी | पोखरी | बर्षातको पानी संकलन |
|---|---|---|---|---|---|---|---|
| १ | ६५ | - | | - | - | - | - |
| २ | १९२ | - | | - | - | - | - |
| ३ | ४० | - | | - | - | - | - |
| ४ | १६७ | - | | - | - | - | - |
| ५ | - | - | ११७ | - | - | - | - |
| ६ | १०० | - | | - | - | - | - |
| ७ | ५८ | - | | - | - | - | - |
| ८ | १३५ | - | | - | - | - | - |
| ९ | १४० | | | - | - | - | - |

## ३.६ पाईप प्रणालीका लागि सम्भावित सतही स्रोतहरु (भएमा)

पाईप प्रणालीका लागि सम्भावित सतही स्रोतहरु नभएको ।

## ३.७ लिफ्ट प्रणालीका लागि सम्भावित सतही स्रोतहरु (भएमा)

## ४. स्वास्थ्य र सरसफाइको तुलनात्मक अवस्था

गाउं विकास समितिको स्वास्थ्य र सरसफाईको अवस्था :

### ४.१ शौचालयमा पहुँच :

यस जोगडा गाविसका वडा नं. १ देखि ९ सम्मका सबै वडाहरुमा शौचालय निर्माण गरी प्रयोग गर्न थालेका छन् । उक्त कार्यको सनिश्चितता पश्चात नै यस गाविसलाई २०७१ कार्तिक २४ गतेका दिन औपचारिक रुपमा खुल्ला दिसा मुक्त गाविस घोषणा भएको हो । गाविसमा रहेका १०१४ घरधुरीमा शौचालयको पहुँच पुगेको छ। शौचालयको वडागत विस्तृत विवरण *फाराम नं. १ गाविसको समग्र बस्तुस्थिति संकलन (ख) घरायसी शौचालयको अवस्था* देखाइएको छ ।

### ४.२ संस्थागत शौचालयको प्रयोगको अवस्था :

जोगडा गाविसमा रहेका सबै संघसंस्थाहरुमा शौचालयको व्यवस्था रहेको छ। यस गाविसमा ३ वटा सरकारी विद्यालय रहेका छन् जसमध्ये १ वटा माविस्तरको विद्यालय, १ वटा निमाविस्तरको र १ वटा प्राविस्तरको विद्यालय रहेका छन् । हालको अवस्थामा सबै विद्यालयमा शौचालयको व्यवस्था रहेको छ भने जनज्योती नि.मा.वि. वडा नं.१ बिचवापुर र नवजागृति प्रा.वि. वडा नं.६ खडैचवामा रहेको विद्यालयमा शौचालय प्रयोगमा नरहेको पाइएको छ भने गाविसमा रहेको शौचालयमा पानीको व्यवस्था नभएको पाइयो । साथै गाविसमा रहेका विद्यालय र मदरसामा लैगिंक मैत्री शौचालय रहेका छन् भने गाविस भवनमा लैगिंक मैत्री शौचालय नरहेको पाइयो । साथै बाल मैत्री र अपांग मैत्री भने कनै संघसंस्थाहरुमा रहेको छैन । यी संघसंस्थाहरुमा रहेका शिक्षक, शिक्षिका, विद्यार्थी र अन्य कर्मचारीहरु व्यक्तिगत सरसफाइमा सचेत रहेको सर्वेक्षणका क्रममा पाइएको छ । संस्थागत शौचालयलाई विद्यमान अवस्था र हालको अवस्थालाई तुलनात्मक रुपमा तालिमकाबाट पनि देखाउन सकिन्छ । जसलाई *फाराम नं. १ गाविसको समग्र बस्तुस्थिति संकलन (ग) संस्थागत शौचालयको अवस्था* देखाइएको छ ।

### ४.३ घरबाट निस्कने फोहरमैला तथा वस्तुभाउको मलमुत्रको ब्यवस्थापन :

यो गाविस रुपन्देही जिल्लाको पश्चिम उत्तर क्षेत्रमा त्यसमा पनि मधेशी समुदायको बाहुल्यता रहेको छ । यहाँको बस्ती एकै ठाँउमा बाक्लो रहेको गुजुमुज्ज भई बस्ने हुनाले घर नजिकै फोहोर फाल्ने उचित व्यवस्था हुदैन। यस समुदायका अधिकांस घरधुरीले घरबाट निस्कने फोहोरमैला र बस्तुभाउको मल दैनिक रुपमा घर देखि टाढा खेत र बाटोको किनारमा निश्चित स्थानको व्यवस्था गरि सोही ठाँउ दिनहु फाल्ने गर्छन् भने मुत्र केही गोठको जमिनमा सोसिएर र केही बस्तु भाउलाई बिछ्याइएको सोत्तरमा सोसिर बाहिर लैजाने गरेको पाइएको छ । घरबाट निस्कने फोहोर पानीको उचित व्यवस्थापन भएको छैन । वार्डहरुमा नाली निर्माण गरी फोहोर पानी व्यवस्था गर्न खोजेता पनि समग्रमा यसलाई उचित व्यवस्थापन भएको छैन । यस वाश परियोजना मार्फत समय समयमा सरसफाई अभियान संचालन गर्दा गाविस स्तरीय खानेपानी तथा सरसफाइ समन्वय समितिले चासो देखाएता पनि यसलाई निरन्तरता दिनको लागि अथक प्रयासको जरुरी रहेको देखिन्छ ।

### ४.४ पूर्ण सरसफाइको अवस्था :

गाविसलाई खुल्ला दिसामुक्त घोषणा पश्चात घोषणालाई दीगो र सार्थक बनाउन र पूर्ण सरसफाइ तथा आनीवानी परिवर्तनको अभियानलाई तिब्रता दिई पूर्ण सरसफाइ युक्त क्षेत्र बनाउन हो । पूर्ण सरसफाइ तथा आनीवानी परिवर्तन क्षेत्र घोषणा पश्चात पनि सरसफाइ तथा स्वच्छताको अभियान सम्पन्न भएको हुदैन । यसकारण यस गाविसमा पूर्ण सरसफाइ र स्वच्छताका क्रियाकलापहरु व्यवहारिक रुपमा लाग भएको नभएको अनगमनका क्रममा हेर्न थालिएको छ । यसको लागि शौचालयका नियमित प्रयोग, महत्वपूर्ण अवस्थामा साबुन पानीले हात धुने अभ्यास, खानेपानी शुद्धिकरण, फोहोर मैला व्यवस्थापन, नालीको व्यबस्था, गाविसबाट सरसफाइका लागि बजेट र बिनियोजन समेत भएको छ । वडागत लिएको तथ्यांक अनुसार यसको विस्तृत विवरण *फाराम नं. ६ पूर्ण सरसफाइका सूचकहरुको अवस्था सम्बन्धी फाराममा* देखाइएको छ ।

### ४.५ खानेपानी र सरसफाइजन्य रोगहरु :

यस गाविसमा झाडा पखाला, जल वियोजन आउँ, हैजा, ज्वरो तथा कुपोषण जस्ता रोगहरु सुरक्षित खानेपानी तथा सरसफाईको कमीले लाग्ने पाईएको छ । उपस्वास्थ्य चौकीले दिएको रिर्पोट अनुसार यस विवरण ***फाराम नं. २ उपस्वास्थ्य चौकी स्तरको तथ्यांकमा*** देखाइएको छ ।

### ४.६ वातावरणिय सरसफाइको अवस्था :

यस गाविसमा रहेका ७ वटा संघसंस्थाहरु मध्ये ३ वटा संघसंस्थामा शौचालय निर्माण भई प्रयोग भएको विद्यमान वाश योजनामा छ भने हाल बाँकी रहेका ४ वटा संघसंस्थाहरुमा शौचालय निर्माण भई प्रयोग भएका छन् । ३ वटा संघसंस्थामा शौचालय भित्र पानीको व्यवस्था छैन । विद्यमान अवस्थामा यस गाविसमा वातावरणिय सरसफाइ न्यून थियो भने हाल यो गाविस खूल्ला दिसा मूक्त क्षेत्र भइ सकेको छ । यहाँ समय समयमा सरसफाइका अभियानहरु संचालन भएका छन् जसले गर्दा वातावरणिय सरसफाइमा सुधार आएको छ । सबै विद्यालयले फोहोर फाल्ने खाडलको व्यवस्था गरी नियमित फोहोर जलाउने गर्दछन् । जथाभावी रुपमा गाँउ टोलमा फोहोर फाल्न बन्द गरिएको छ तापनि यसलाई व्यवस्थित रुपमा गर्न सकेका छैनन् । सबै घरधरीमा स्वच्छ पिउने पानीको अभ्यास भईकेको छैन, सबै संघसंस्थाहरुमा साबुनपानीले हात धने निश्चित

स्थान भइसकेको छैन त्यस्तै गरी गाँउघरमा बनेका नालीहरुबाट फोहोर पानीको उचित व्यवस्था हुन सकेको छैन । यहाँका समुदायलाई समय समयमा दिइएको अभिमुखीकरणले सरसफाइको महत्व बुझेका छन् तर पनि व्यवहारमा भने कम उतारेका छन् । साथै यस गाविसमा धँवा रहित चल्हो प्रयोग गर्ने जम्मा घरधुरी मध्ये ८ प्रतिशतले मात्र यसको अभ्यास गरेका छन् ।

### ४.७ जिल्ला विकास समिति र गाउं विकास समितिको प्रयास :

यस गाविसमा खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यक्रम अन्तर्गतका क्रियाकलापहरु संचालन गर्नका लागि साथै सामाजिक परिचालनका लागि जिल्ला विकास समिति र गाविसबाट तपशिल बमोजिमका कार्यहरु भएका थिए ।

- पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाइ परियोजना दोस्रो चरणको पहिलो फेजमा नै सहयोगी संस्थामार्फत यस गाविसमा सामाजिक परिचालन तथा वाशका क्रियाकलापहरु संचालन भएका छन् ।
- जिविसबाट सरसफाइका क्रियाकलाप संचालनका लागि अगुवा वाश सहजकर्ता व्यवस्था भएको छ ।
- सुरक्षित खानेपानी व्यवस्थापनका लागि वडा नं. ५ मा ओभरहेड टैंक योजना र अन्य वार्डमा स्यालो टूववेल योजना व्यवस्था भएको थियो ।
- पानीको गुणस्तर परीक्षण समेत भएको छ ।
- कार्यक्रम सुरुको अवस्थामा जिविस र गाविसबाट शौचालय निर्माणका प्रति घर अनुदानको व्यवस्था भएको थियो ।
- यस गाविसमा खुल्ला रुपमा बाहिर दिसा गर्ने बानीको अन्त्य भएको जसले गर्दा खुल्ला दिसा मुक्त क्षेत्र घोषणा भएको छ ।

## ५. गा.वि.सको वाश योजना कार्यान्वयन तथा अद्यावधिक कार्ययोजना

### ५.१ खानेपानी योजनाहरु

**भूमिगत स्रोतवाट : ट्युवेल, इनार, ओभरहेड ट्यांक :**

यस गाविसमा भूमिगत श्रोतवाट पञ्चवर्षिय कार्ययोजना अनुसार ओभरहेड ट्यांक र ट्युवेलहरु निर्माण गरि बाँकी रहेका घरधुरीहरुलाई सुरक्षित खानेपानी उपलब्ध गराउने योजना रहेको छ ।

| क्र.सं. | योजनाको नाम | योजनाको प्रकार ट्यूववेल/ओभरहेड ट्यांक/अन्य | वडा नं. | लाभान्वित टोलहरुको नाम | जम्मा लाभान्वित घरधूरी |
|---|---|---|---|---|---|
| १ | खानेपानी योजना | हेण्ड पम्प अर्टिजन | ९ | पडौरा, मानपुर र धनहवा | ६४ |
| २ | खानेपानी योजना | हेण्ड पम्प | १ | बिचवापुर | २५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | खानेपानी योजना | ओभरहेड टैंक | ४ | जोगडा | १६७ |
| ४ | पानीको गुणस्तर परीक्षण | टूववेल, ओभरहेड टैंक | १ देखि ९ सम्म | बिचवापुर, सडहवा, सीतापुर, जोगडा, धुपही, खडैचवा, दक्षिण ननौली, ननौली र पडौरा | ९० |

## ५.२ अनुमानित लागत :

यस जोगडा गाविसमा खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यक्रम सञ्चालनका लागि तपशिल बमोजिमको अनुमानित लागतको विवरण तलको तालिकामा देखाईएको छ ।

**तालिका नं.९ अनुमानित लागत विवरण**

| क्र.सं. | विवरण | अनुमानित लागत | कैफियत |
|---|---|---|---|
| १ | खानेपानी योजना ओभरहेड टैंक | रु.७५,००,०००/- | |
| २ | सार्वजनिक शौचालय | रु.४८,००,०००/- | |
| ३ | डस्टवीन | रु.१,००,०००/- | |
| ४ | पानीको गुणस्तर परीक्षण | रु.४५,००० | |
| ५ | क्षमता अभिबृद्धि | २,००,०००/- | |
| | **जम्मा** | **१,२६,४५०००/-** | |

### ५.३ संभाव्य लगानीका स्रोतहरु :

यस जोगडा गाविसमा खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यक्रम सञ्चालनका लागि लगानी गर्ने दाताहरुको विवरण तलको तालिकामा देखाईएको छ ।

**तालिका नं.१० संभाव्य लगानीका स्रोतहरु**

| क.सं. | संभावित निकायहरुको नाम | कैफियत |
|---|---|---|
| १ | गाँउ विकास समिति | |
| २ | जिल्ला विकास समिति | |
| ३ | जिल्ला खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय | |
| ४ | अन्तराष्ट्रिय गैर सरकारी संघ संस्थाहरु तथा दातृ निकायहरु | |
| ५ | गैर सरकारी संघसंस्थाहरु | |
| ६ | उपभोक्ताहरु | |

## ६ जलवायु परिवर्तन अनुकुलन तथा विपद् जोखिम न्यूनिकरण :

### ६.१ विद्यमान अवस्था यस गाविसको रणनीति :

यो गाविस तराई क्षेत्रमा पर्ने भएको हुदाँ समग्र ब्रह्माण्डमा पर्ने असरबाट मुक्त हने कुरा नै भएन । देशमा औद्योगिक फोहोर हावामा पाइने अत्याधिक कार्वन मनोअक्साइड लगाएतका कारण र बन जंगलको अत्याधिक दोहनले जलबायु परिर्वनको संभावना बढेर गएको छ । यसर्थ हाम्रो देशले जलबायु परिर्वतनलाई रोक्न नसक्ने कारणले जलबायु अनुकूलन हुने खालका गतिविधि संचालन गर्न अनिवार्य रहेको छ । खाली रहेको जग्गामा बृक्षारोपण गर्ने, तरकारी तथा बालीमा किटनाशक औषधि तथा रासानिक मलको प्रयोग निरुत्साहित गर्ने र अर्गानिक मल उत्पादनमा विशेष ध्यान दिनु पर्ने हुन्छ । सरसफाइमा ध्यान दिने, जमिन मुनिको पानीलाई संचित गर्न पोखरी निर्माण गरी मत्स्य पालन गर्ने, पानीबाट सिँचाइ सुबिधा प्राप्त भै खाद्यान्न उत्पादनमा बृद्धि भै खाद्य सुरक्षा भै पोषण सद्धृढ हुने र जलबायु परिवर्तनले पार्ने असरसँग लड्न सक्ने क्षमता अभिबृद्धि हुन्छ । जोगडा गाविसमा विपद् जोखिम न्यूनिकरणबारे जानकारी नभएको गाविससँगको कुराकानीबाट ज्ञात भयो । यस विषयमा गाविस संयन्त्रको क्षमता अभिबृद्धि गर्नुपर्ने हुन्छ ।

### ६.२ तर्जुमा गरिएका क्रियाकलापहरु :

जोगडा गाविस खुल्ला दिसा मक्त गाविस भए पश्चात गाविसलाई पूर्ण सरसफाइ गाविस घोषणा गरि पूर्ण सरसफाइको वानी ब्यबहार युक्त गाविस बनाउने सोच रहेको छ । यस सोचलाइ सार्थक

बनाउन वर्तमान अवस्था रहेका सरसफाइ  र स्वच्छता सम्बन्धी आनी बानी, व्यवहारमा परिवर्तन ल्याउन चुनौती पूर्ण रहेको छ। त्यसका लागि गाविसले वार्षिक बजेट बिनियोजन गरेता पनि बजेट कार्यले मात्र समुदायको परम्परागत रुपमा रहेको व्यवहार परिवर्तन गर्न समय लाग्ने महसुश गरिएको छ। त्यसका बाबजुत पनि आनीबानी परिवर्तनका क्रियाकलाप संचालन गर्दै जाने क्रममा समुदायको ज्ञानको स्तर बढेको पाइएको छ। V-WASH-CC ले वडा नागरिक मञ्च, विद्यालय, स्वास्थ्य चौकी, गाविसले पूर्ण सरसफाइको अभियान अगाडि बढाउन सवैलाई समेट्नेको मुख्य जिम्मेवारी लिने। जिविस, गाविस तथा अन्य सरोकारवाला निकायहरुले बार्षिक कार्यक्रम तथा वजेट विनोजित गर्ने क्रममा पूर्ण सरसफाइ तथा आनीवानी परिवर्तनलाई प्रथामिकतामा राख्न पहल गर्ने।

वर्तमान अवस्थालाई हेर्ने हो भने पूर्ण सरसफाईका सूचकहरुलाई आधार मानि सर्वेक्षण गर्दा नियमित रुपमा चर्पिको प्रयोग गर्नेको घरधुरी संख्या १०१४, जोखिमपूर्ण अवस्थामा सावुन पानीले हात धुनेको घरधुरी संख्या २५८ रहेको, घरायसी तहमा पिउने पानीशुद्धिकरण गरी पिउनेको घरधुरी संख्या १८ रहेको, व्यक्तिगत सरसफाइ कायम गर्नेको घरधुरी संख्या २९६ रहेको, घरभित्र तथा बाहिरका ठोस फोहर मैला खाडलमा फाल्नेको घरधुरी संख्या २८ रहेको, खेर गएको पानीको उचित व्यवस्थापन गर्नेको घरधुरी संख्या १३ रहेको, भांडा सुकाउने चांग भएको घरधुरी संख्या ४७ रहेको र धुंवा रहित चुल्हो (गोवर ग्यांस, प्राकृतिक ग्यांस वा अन्य समेत) भएको घरधुरी संख्या ९० रहेको तथ्याङ्कले देखाएको छ।

**खण्ड (ग)**

# ७. निश्कर्ष तथा भावी कार्यदिशा

## ७.१ निश्कर्ष

जोगडा गाविसको विद्यमान वाश योजना अद्यावधिक गर्ने कार्य भएको छ। यस कार्यमा सबै वडाका वडा नागरिक मञ्चहरुको सक्रिय सहभागीता रहेको छ । आफ्नो वडाको खानेपानी, सरसफाइ, स्वच्छता प्रति जागरुकता देखाएका छन्। विद्यमान वाश योजनाको प्राथमिकतामा परेका खानेपानी र सरसफाइका सबै योजनाहरु सहज तरिकाले सम्पन्न भएको सर्वेक्षणका क्रममा प्राप्त भएको छ। विद्यमान वाश योजनामा खानेपानीका २८ वटा हेण्डपम्म मध्ये २७ वटा हेण्डपम्प र १ वटा मिनी ओभरहेड टैंकबाट उपभोक्ताहरुले शुद्ध पिउने पानी प्राप्त गरेका छन् भने वडा नं. ८ ननौलीमा रहेको वाश योजनाबाट निर्माण भएको हेण्डपम्प सुरुको अवस्था देखि नै बालुवा पानी हुनाले संचालनमा नआएको र केही समय पछि बन्द भएको सर्वेक्षण क्रममा जानकारी प्राप्त भएको छ। यस गाविसमा अधिकांश हेण्डपम्पहरु सार्वजनिक रहेको जसमा १०० फिट भन्दा बढी गहिराई भएको र धेरै जसो घरमा नीजि हेण्डपाइपहरु भएको पाइयो । वडा नं. ९ मा रहेको धनहवा र मानपुर टोलमा भने हेण्डपम्पबाट पानी नआउने हुनाले त्यहाँ समुदायले आर्टिजनबाट मात्र खानेपानी समस्या समाधान हुन सक्ने समुदायको गुनासो रहेको र सोही अनुसारको खानेपानीको माग पनि भएको छ भने अन्य वडामा भने खानेपानीको समस्या तत्कालको लागि देखिएको छैन । त्यस्तै विद्यमान वाश योजनामा ९१० घरधुरी मध्ये जम्मा १७ घरमा शौचालय रहेको थियो भने वर्तमानमा १०१४ घरधुरी सबैमा शौचालय निर्माण गरी प्रयोग समेत भएको र गाविसस्तरमा रहेका सम्पूर्ण संघसंस्थाहरुमा पनि शौचालय भई गाविस नै खुल्ला दिसा मुक्त भएकोमा सम्पूर्ण समुदाय हर्षित भएका छन्। हालको सरसफाइको अवस्थालाई मात्र सिमित नराखी यसलाई निरन्तरता दिन र पूर्ण सरसफाइका क्रियाकलापहरु संचालन गर्नका लागि समुदायको चासो बढेको छ । गौतम बुद्धको जन्मस्थल लुम्बिनीको नजिक पर्ने र गाविसमा रहेको जोगडा बजार हुदै यातायातहरु उत्तरमा रुद्रपुर गाविस, फायरलाइन, झारबैरा सम्म जाने यातायात, बढ्दो बस्ती र बजार क्षेत्रलाई मध्यनजर गर्दै सार्वजनिक शौचालयको माग भएको छ । जस मध्ये आ.व.०७१/०७२ मा नै जोगडा बजारमा सार्वजनिक शौचालय बनाउन स्थानीयबासीहरुको चासो बढेको छ भने गाविसले पनि सार्वजनिक शौचालय निर्माणका लागि लाग्ने कुल बजेटको ५०% नगद व्यहोर्ने प्रतिवद्धता जनाएको छ । गाविसले पूर्ण सरसफाइका क्रियाकलापहरु संचालन गरी गाविसलाई पूर्ण सरसफाइ गाविस बनाउन पनि अग्रसरता देखाएको छ। यस कार्यलाई सफलता प्राप्त गर्नका लागि जिल्ला विकास समिति, रुपन्देही र पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाइ परियोजनाबाट आर्थिक र प्राविधिक सहयोगको पनि अपेक्षा गरेको छ । खानेपानी,सरसफाई तथा स्वचछता सम्बन्धी २०७१/०७२ देखि २०७५/०७६ सम्मका लागि प्राथमिकीकरण अनुसार खानेपानी योजना, सरसफाइ र पूर्ण सरसफाइका (सार्वजनिक शौचालय र डस्टविन) योजना, पानीको गुणस्तर परीक्षण र क्षमता अभिबृद्धि क्रियाकलापको योजना रहेको छ

जसमा जिविस अनुदान,गाविसको आन्तरीक श्रोत र अन्य सहयोग निकायको अपेक्षा गरी अनुमानित १,२६,४५००० ⁄- बजेट तय गरिएको छ ।

## ७.२.भावी कार्यदिशा :

यस गाािवसका १०१४ घरधुरीमा आधारभुत सरसफाईको पहुंच पुगेको छ भने १०१४ घरधुरी मध्ये ८७६ घरधुरीमा शुद्ध खानेपानीको पहुंच पुगेको देखिन्छ । सुरक्षित खानेपानी सेवा नपुगेका घरधुरीका लागि योजना तर्जुमा प्रकृया मार्फत खानेपानीको व्यवस्थापन गर्ने साथै ५ वर्ष भित्रमा जोगडा बजार क्षेत्र बिस्तारको क्रममा रहेकोले ओभरहेड टैंक योजना रहेको छ । यी कार्य गर्नका लागि जिल्ला विकास समिति तथा दातृ निकायहरुसँग सहयोग माग गरी आगामी ५ वर्ष भित्रमा सम्पूर्ण घरधुरीमा सुरक्षित खानेपानी उपलब्धता गराउने रहेको छ । तसर्थ अबको भावि रणनीति  स्थानीय समुदाय तथा गाविसको अगुवईमा ब्यवहार परिवर्तन र पूर्ण सरफाईको क्षेत्रमा विशेष ध्यान दिनु पर्ने देखिन्छ । यस गाविसमा पूर्ण सरसफाइका क्रियाकलापहरु संचालन र समुदायलाई सरसफाइ प्रति निरन्तरता तथा सहजीकरणका वाश अगुवा सहजकर्ताको व्यवस्थापन गरी पूर्ण सरसफाइका क्रियाकलापहरु संचालन गर्ने रहेको छ ।  साथै खानेपानीको गुण्स्तर जाँच गरी गुण्स्तरको अवस्थाको  बारेमा जानकारी गराई पानी सुद्धिकरणका उपायहरुबारे सचेत गराउने । साथ साथै VWASHCC का सम्पूर्ण सदस्यहरु, वडा नागरिक मञ्चका सदस्यहरु, गाविस कर्मचारी, महिला स्वास्थ्य स्वयंसेविकाहरुका लागि पूर्ण सरसफाइ सम्बन्धीका क्रियाकलापहरुमा क्षमता अभिबृद्धि हुने खाल तालिम संचालन गर्नुको साथै गाविसमा पूर्ण सरसफाइ र स्वच्छताका कार्यक्रमलाई अभियानकै रुपमा संचालन गर्ने रहेको छ ।